# सूचनाको हक सम्बन्धी ऐन,२०६४ को दफा ५(३) तथा सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको ।

२०७७ साल कार्तिक १ गते देखी २०७७ साल पौष मसान्तसम्मको सम्पादित प्रमुख क्रियाकलापहरु

(स्वत: प्रकाशन)


चैनपुर नगरपालिका,

नगर कार्यपालिकाको कार्यालय, चैनपुर सङ्खुवासभा ।

इमेलः **info@chainpurmun.gov.np,chainpurmun@gmail.com**

वेभसाइटः **www.chainpurmun.gov.np**

**विषय सूचिः**


१. नगरपालिकाको स्वरुप र प्रकृति

२. काम, कर्तव्य र अधिकार

३. कार्यालयको सांगठनिक संरचना

४.कर्मचारी विवरण

५. शाखा र जिम्मेवार अधिकारी

६. कार्यविवरण

७. प्रदान गरिने सेवा

८. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि


९. शाखागत प्रगति विवरण



चैनपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चैनपुर, संखुवासभा
१ नं. प्रदेश, नेपाल
स्था: २०७३

# १. चैनपर नगरपालिकाको स्वरुप र परिचय

चैनपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चैनपुर, संखुवासभा
१ नं. प्रदेश, नेपाल
स्था: २०७३




'चन्द्रपुर' धार्मिक, ऐतिहासिक नामबाट अपभ्रंश हुँदै चैनपुर नामकरण भएको मानिएको, साविक गौंडा तथा सदरमुकाम रहेको संखुवासभा जिल्लाको दक्षिणी क्षेत्रमा अवस्थित प्राचिन ऐतिहासिक प्राकृतिक सुन्दरताले भरिपुर्ण , शैक्षिक केन्द्रको रुपमा परिचित यस चैनपर नगरपालिकाको पूर्वमा ताप्लेजुंग र तेह्रथुम जिल्ला, दक्षिण धर्मदेवी र मादी नगरपालिका, पश्चिममा भोजपुर जिल्ला र खाँदबारी नगरपालिका र उत्तरमा पाँचखपन नगरपालिका पर्दछन् ।

संखुसाभा जिल्लाका नगरपालिकाहरु मध्ये भूगोलका हिसाबमा सबैभन्दा ठुलो २२३ वर्ग कि.मि. क्षेत्रफलमा फैलिएको यस नगरपालिकामा पौराणिक मान्यता अनुसार सतीदेवीको दायाँआँखा पतन भएको पवित्र स्थलको रुपमा परिचित चैनपुर ठुलो २२३ वर्ग कि.मि. क्षेत्रफलमा फैलिएको यस नगरपालिकामा पौराणिक मान्यता अनुसार सतीदेवीको दायाँवायाँ पतन भएको पवित्र स्थलका रुपमा परिचित चैनपुरको सिद्धकाली मन्दिर, विश्वकै ठुलो प्राकृतिक शिवलिंग रहेको वालेश्वर गुफा, पाकृतिक तथा धार्मिक स्थलहरु, वानेश्वर डाँडा तथा वानेश्वर मन्दिर लगायतको महत्वपूर्ण मठमन्दिरहरु, प्राकृतिक सुन्दरताले भरिपुर्ण गुफापोखरी, भिरेश्वर गुफा, तातोपानी जस्ता प्राकृतिक धार्मिक एवं रमणीय स्थलहरु चैनपुरको गरिमा हुन ।

चैनपुर नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
चैनपुर, संखुवासभा
स्था: २०७३

साविकको पाँच गा.वि.स. सिद्धकाली, सिद्धपोखरी; चैनपुर, वानेश्वर र खराङ्ग 'समेटिएर स्थापना भएको यस चैनपुर नगरपालिकामा २०७३ फागुनमा स्थानीय तहको संरचना घोषणा गर्दा नुनढाकी समेत समेटेको छ । उष्ण प्रदेशीय देखी शितोष्ण प्रदेशसम्मको जलवायु तथा हावापानीको विविधतासंगै यस क्षेत्रमा जैविक तथा पर्यावरणीय विविधतामा धनी रहेको छ ।


११ वडामा विभाजित २०६८ को राष्ट्रिय जनगणना बमोजिम २८,०७४ जनसंख्या तथा ५,९३९ घरधुरीभित्र नेवार, राई , लिम्बु, तामांग, क्षेत्री ब्रहमण, कामी , दमाई, सार्की, भुजेल, शेर्पा,मगर, घर्ती, जोगी, आदि विभिन्न जातिका मानिहरुको वसोवास रहेको यस क्षेत्रमा हिन्दु, बौद्ध, किराँत, क्रिशिचियन, आदि धर्मावलम्बीहरु रहेका छन् । दशैं तिहार, बुद्धजयन्ती, ल्होसार,उधौली, तीज, बालाचतुर्दशी माघे तथा साउने सकान्ति, कृष्णजन्म अष्टमी, गाइजात्रा, हिलेजात्रा, रामनवमी, आदि पर्वहरु विशेषहरुपमा मनाइने गरिन्छ ।
चैनपर बजार, १ नं. प्रदेशको पुरानो र ऐतिहासिक महत्व बाकेको यस नगरपालिका भित्र चैनपुर, पोखरी, तथा खराङ्ग यी तिवटा स्थानहरु महत्वपुर्ण बजारको रुपमा रहेका छन् जहाँबाट यस क्षेत्रको समग्र व्यापार व्यवसायहरु संचालित छ।
यहाँका व्यवसायीहरुले बनाएका वस्तुहरु मध्ये धातुको करुवा, चैनपसरको पार्याय बनिसकेको छ । ऐतिहसिक कलामा किराँत कालमा किराँतहरुको शासन रहेको यस स्थानलाई सो बेलामा गोलाबजार भनिने गरिएको पाइन्छ । नेपाल एकीकरण पश्चात पूर्व ६ नं भनी चिनिने यस स्थानलाई सो वेलामा गोलाबजार भनिने गरिएको पाइन्छ । नेपाल भोटबीचको अन्तिम युद्ध यसै गढीबाट टिस्टासम्म पुगी लडेको इतिहास पाइन्छ । काठमाडौंबाट दूरी नाप गरी राखिएको कोशढुंगाले पनि यस ठाउँको प्रशासनिक, पुरातात्विक र ऐतिकासिक महत्व उजागार गरेको छ ।

## २. काम,कर्तव्य र अधिकार

चैनपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चैनपुर, संखुवासभा
१ नं. प्रदेश, नेपाल
स्था: २०७३

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को परिच्छेद–३ बमोजिम रहेको छ ।

## ३. कार्यलयको सांगाठनिक संरचना:



४.कर्मचारी विवरण

| क्र.सं. | पदको नाम | कार्यरत कर्मचारीहरुको संख्यात्मक विवरण | कैफियत |
|---|---|---|---|
| १ | प्रमुख प्रशासकीय अधिकृत | १ | |
| २ | सातौं तह | २ | |
| ३ | छैठौं तह | ६ | |
| ४ | पाचौं तह | २२ | |
| ५ | चौथो तह | ३६ | |
| ६ | सवारी चालक | २ | |
| ७ | कार्यालय सहयोगी (श्रेणीविहिन) | १७ | |

**प्रमुख र सूचना अधिकारीको नाम, थर**

| | |
|---|---|
| प्रमुख | श्री किरण प्रसाद ढकाल |
| सूचना अधिकारी | श्री उमेश दाहाल |

**५. शाखा र जिम्मेवार अधिकारी:**

| क्र. सं. | कार्यालय/शाखाको नाम | जिम्मेवार अधिकारी | सम्पर्क नं. | कैफियत |
|---|---|---|---|---|
| १ | नगर प्रमुख | भरतकुमार खत्री | ९८४२१०६७५५ | |
| २ | नगर उप-प्रमुख | मुना श्रेष्ठ | ९८४२१९४३२४ | |
| ३ | प्रमुख प्रशासकीय अधिकृत | किरण प्रसाद ढकाल | ९८५२०७७१११ | |
| ४ | प्रशासन शाखा | हिमाल गौतम | ९८४२१०५०८७ | |
| ५ | आर्थिक प्रशासन शाखा | रुद्रमणी श्रेष्ठ | ९८५२०५१६७८ | |
| ६ | शिक्षा युवा तथा खेलकुद शाखा | कमल गौतम | ९८४२३३६३४२ | |
| ७ | पूर्वाधार विकास तथा वातावरण व्यवस्थापन शाखा | रिवज खत्री | ९८५११८७२५९ | |
| ८ | सूचना प्रविधि शाखा | उमेश दाहाल | ९८५२०५११३१ | |
| ९ | सडक तथा अन्य पुर्वाधार विकास उप शाखा | रिवज खत्री | ९८५११८७२५९ | |
| १० | भवन तथा वस्ती विकास उप शाखा | विवेक न्यौपाने | ९८४९५७६९९३ | |
| ११ | योजना तथा अनुगमन उप शाखा | महेश गौतम | ९८५२०५१८५४ | |

| क्र. सं. | कार्यालय/शाखाको नाम | जिम्मेवार अधिकारी | सम्पर्क नं. | कैफियत |
|---|---|---|---|---|
| १२ | कृषि विकास शाखा | शुरेन्द्र कटुवाल | ९८४२२१४१०९ | |
| १३ | पशु सेवा शाखा | शुरेन्द्र कटुवाल | ९८४२२१४१०९ | |
| १४ | राजश्व उप शाखा | मित्रकला चापागाई | ९८४२२९४४४० | |
| १५ | सामाजिक सुरक्षा तथा पञ्जिकरण उपशाखा | सुर्य किरण भण्डारी | ९८५२०५१४०८ | |
| १६ | जिन्सी शाखा | राजन कार्की | ९८४२१२६०८६ | |
| १७ | स्वास्थ्य शाखा | नर बहादुर श्रेष्ठ | | |
| १८ | आयुर्वेद शाखा | दिनेश प्रसाद राय | ९८५२०५१३८४ | |
| १९ | महिला बालबालिका तथा समाज कल्याण उप शाखा | लक्ष्मी अधिकारी | ९८६२१८६६७५ | |

### ६. कार्यविवरण

नगर कार्यपालिकामा रहने विषयगत शाखा (शाखा, कार्यालय, उपशाखा, इकाई) को कार्य विवरण नगरकार्यपालिका कार्यविभाजन नियामवाली,२०७५ को अनुसूचि-१ अनुसार रहेको छ ।

### ७. प्रदान गरिने सेवा

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को परिच्छेद–३ बमोजिम रहेको छ ।

### ८ सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि

चैनपुर नगरपालिकाको आ.व. ०७७/७८ नारिक वडापत्र अनुसार रहेको छ ।

https://www.chainpurmun.gov.np/ne/content/नगरिक-वडापत्र-आव०७७७८

### ९.शाखागत प्रगति विवरण:

**प्रशासन शाखा**

- स्थानीय सेवाको व्यवस्थापन सम्बन्धी नीति, मापदण्ड, सेवा शर्त, योजना, कार्यान्वयन र नियमन भएको,
- संविधानको धारा ३०२ बमोजिम समायोजन भई आउने कर्मचारीको व्यवस्थापन गरिएको,
- स्थानीय सेवाको व्यवस्थापन सम्बन्धी कार्य गरेको,
- नगरपालिकाको संगठन विकास, सङ्गठन संरचना तथा दरबन्दी निर्धारण, जनशक्ति व्यवस्थापन र वृत्ति विकास सम्बन्धि कार्य भएको,
- स्थानीय सेवाको व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको उपयोग, प्रबर्द्धन र नियमन गरिएको,

- नगरपालिकामा सार्वजनिक विदा, उत्सव, जात्रा, उर्दी आदिको व्यवस्थापन
- संघ तथा प्रदेश तहमा संविधान तथा कानुन बमोजिमको सहभागिता तथा प्रतिनिधित्व भएको,
- जिल्ला समन्वय समितिसँगको समन्वय गरेको,
- वडा तहसँगको सम्पर्क र समन्वय भएको,
- पत्राचार, सभा, समारोह, शिष्टाचार गरेको ।
- अन्य विविध ।

## आर्थिक प्रशासन शाखा

SuTRA::

https://sutra.fcgo.gov.np/sutra2/accounting/progreport/summary/view

**चैनपुर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय, संखुवासभा**
**कार्यालयको कोड : ८०१०४४०२३००**

आ.व. : २०७७/७८ अवधी : २०७७/०७/०१-२०७७/०९/२९

रु. हजारमा

| सि.नं. | बजेट उपशीर्षक | | बजेट | | | खर्च | | | खर्च (%) | मौज्दात | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | संकेत | नाम | चालु | पूंजीगत | जम्मा | चालु | पूंजीगत | जम्मा | | चालु | पूंजीगत | जम्मा |
| १ | ८०१०४४०२१०१ | चैनपुर नगरपालिका | ११,०७.४३ | १२,७८.४१ | २३,८५.८४ | १,१२.८२ | ६४.५० | १,७७.३३ | ७.४३ | ९,९४.६१ | १२,१३.९० | २२,०८.५१ |
| २ | ८०१०४४०२१०२ | आयुर्वेद शाखा | १५.०० | ० | १५.०० | ० | ० | ० | ० | १५.०० | ० | १५.०० |
| ३ | ८०१०४४०२१०३ | महिला बालबालिका तथा समाज कल्याण शाखा | ४०.०० | ० | ४०.०० | ७० | ० | ७० | १.७५ | ३९.३० | ० | ३९.३० |
| ४ | ८०१०४४०२२०१ | चैनपुर नगरपालिकावडा नं.१ | ७.४० | ३२.६० | ४०.०० | ३.३१ | ० | ३.३१ | ८.२८ | ४.०८ | ३२.६० | ३६.६८ |
| ५ | ८०१०४४०२२०२ | चैनपुर नगरपालिकावडा नं.२ | ६.०० | ३४.०० | ४०.०० | ७४ | ० | ७४ | १.८७ | ५.२५ | ३४.०० | ३९.२५ |
| ६ | ८०१०४४०२२०३ | चैनपुर नगरपालिकावडा नं.३ | ९.०० | ३१.०० | ४०.०० | १२ | ३.८७ | ४.०० | १०.०१ | ८.८७ | २७.१२ | ३५.९९ |
| ७ | ८०१०४४०२२०४ | चैनपुर नगरपालिकावडा नं.४ | १०.०० | ३०.०० | ४०.०० | १.१० | ० | १.१० | २.७५ | ८.८९ | ३०.०० | ३८.८९ |
| ८ | ८०१०४४०२२०५ | चैनपुर नगरपालिकावडा न.५ | ९.४० | २५.६० | ३५.०० | ७२ | ० | ७२ | २.०६ | ८.६७ | २५.६० | ३४.२७ |
| ९ | ८०१०४४०२२०६ | चैनपुर नगरपालिकावडा नं.६ | ६.५० | ३३.५० | ४०.०० | ४९ | ९७ | १.४६ | ३.६७ | ६.०० | ३२.५३ | ३८.५३ |
| १० | ८०१०४४०२२०७ | चैनपुर नगरपालिकावडा नं.७ | ३.०० | ३७.०० | ४०.०० | ० | ३.८३ | ३.८३ | ९.५९ | ३.०० | ३३.१६ | ३६.१६ |
| ११ | ८०१०४४०२२०८ | चैनपुर नगरपालिकावडा नं.८ | ८.०० | ३२.०० | ४०.०० | ६४ | ० | ६४ | १.६१ | ७.३५ | ३२.०० | ३९.३५ |
| १२ | ८०१०४४०२२०९ | चैनपुर नगरपालिकावडा नं.९ | ९.५० | ३०.५० | ४०.०० | १.३६ | ० | १.३६ | ३.४ | ८.१४ | ३०.५० | ३८.६४ |
| १३ | ८०१०४४०२२१० | चैनपुर नगरपालिकावडा नं.१० | २५.०० | १५.०० | ४०.०० | १.९४ | ० | १.९४ | ४.८४ | २३.०६ | १५.०० | ३८.०६ |
| १४ | ८०१०४४०२२११ | चैनपुर नगरपालिकावडा नं.११ | १५.०० | २५.०० | ४०.०० | १.७७ | ० | १.७७ | ४.४४ | १३.२२ | २५.०० | ३८.२२ |
| १५ | ८०१०४४०२३०१ | चैनपुर नगरपालिका - शिक्षा | २,२५.०० | ० | २,२५.०० | ७.१३ | ० | ७.१३ | ३.१७ | २,१७.८६ | ० | २,१७.८६ |
| १६ | ८०१०४४०२३०२ | चैनपुर नगरपालिका - स्वास्थ्य | ६१.९० | ५३.१० | १,१५.०० | ७.२७ | ० | ७.२७ | ६.३३ | ५४.६२ | ५३.१० | १,०७.७२ |
| १७ | ८०१०४४०२३०३ | चैनपुर नगरपालिका - कृषि | ५७.३४ | १७.६६ | ७५.०० | ४.३५ | ० | ४.३५ | ५.८१ | ५२.९८ | १७.६६ | ७०.६४ |
| १८ | ८०१०४४०२३०४ | पशु सेवा शाखा | १,९७.५० | २.५० | २,००.०० | ७.९३ | ० | ७.९३ | ३.९७ | १,८९.५६ | २.५० | १,९२.०६ |
| १९ | ८०१०४४०२५०२ | प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम | ३०.६९ | ० | ३०.६९ | ० | ० | ० | ० | ३०.६९ | ० | ३०.६९ |
| २० | ८०१०४४०२५११ | संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम (शसर्त अनुदान) | २६,०१.०० | १,८५.०० | २७,८६.०० | १,५१.११ | ० | १,५१.११ | ५.४२ | २४,४९.८९ | १,८५.०० | २६,३४.८९ |
| २१ | ८०१०४४०२५१२ | संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम (विषेश अनुदान) | ० | ४,४०.०० | ४,४०.०० | ० | १.९५ | १.९५ | ०.४४ | ० | ४,३८.०४ | ४,३८.०४ |
| २२ | ८०१०४४०२५१३ | संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम(समपुरक अनुदान) | ० | १,३६.०० | १,३६.०० | ० | ८० | ८० | ०.५९ | ० | १,३५.११ | १,३५.११ |
| | | जम्मा | ४४,४४.६७ | २४,३८.८७ | ६८,८३.५४ | ३,०३.५७ | ७५.९५ | ३,७९.५३ | ५.५१ | ४१,४१.०९ | २३,६२.९१ | ६५,०४.०१ |

**योजना तथा अनुगमन उप–शाखा**

क. नगर तथा वडा स्तरीय योजना/कार्यक्रमहरु ११७ वटा सम्झौता भएको ।

ख. निर्माण सम्पन्न भएको योजनाहरुको संख्या २६ वटा ।

**पूर्वाधार विकास तथा वातावरण व्यवस्थापन शाखा ।**

क. खराङ्ग हात्तिसुडे सडक निर्माण, पोखरी पार्क, करुवापार्क, पोखरी फोहोर मैला व्यवस्थापन,
बोयर फर्म, अरुण सोलार मुसको ठेक्का निस्काशनको काम सम्पन्न भएको,

ख. वडा स्तरीय योजनाहरु ५० प्रतिशत सम्पन्न भएको,

ग. घर नक्सा दर्ता गराई भवन इजाजत अनुमति दिने काम साविककै रुपमा निरन्तर भएको,

घ. पुराना घर नक्सा अभिलेखीकरण गराउन प्रारम्भिक प्रकृया शुरु भएको,

**राजस्व उपशाखा**

❖ आम्दानी विवरण

| क्र.सं. | विवरण | कर / शुल्क | छुट | जरिवाना | जम्मा |
|---|---|---|---|---|---|
| 1 | नविकरणा शुल्क - 1.1.6.7 | 8,000.00 | 0 | 0 | 8,000.00 |
| 2 | घर नक्सा निवेदन फारम - 1.3.11 | 1,000.00 | 0 | 0 | 1,000.00 |
| 3 | घर निर्माणा सम्पन्न प्रमाणा पत्र - 1.3.14 | 440 | 0 | 0 | 440 |
| 4 | निबेदन/टिकट दस्तुर - 1.3.6 | 580 | 0 | 0 | 580 |
| 5 | निवेदन फारमहरु विक्री - 1.3.9 | 20 | 0 | 0 | 20 |
| 6 | अन्य विक्री - 1.4.3 | 66,000.00 | 0 | 0 | 66,000.00 |
| 7 | मालपोत तथा भूमि कर - 11314 | 24,160.00 | 0 | 0 | 24,160.00 |
| 8 | बहाल कर - 11321 | 49,480.00 | 0 | 0 | 49,480.00 |
| 9 | व्यतीगत घटना दर्ता तर्था पन्जीकरणा व्जरीवाना - 14144 | 54,200.00 | 0 | 0 | 54,200.00 |
| 10 | घर नक्सापास दस्तुर - 14242 | 1,460.00 | 0 | 0 | 1,460.00 |
| 11 | सिफारिश तथा बक्सौनी दस्तुर - 14243 | 527,270.00 | 0 | 0 | 527,270.00 |
| 12 | नाता प्रमाणित /अन्य प्रमाणित दस्तुर - 14245 | 51,400.00 | 0 | 0 | 51,400.00 |
| 13 | अन्य दस्तुर - 14249 | 758,520.00 | 0 | 0 | 758,520.00 |
| 14 | अन्य दस्तुर - 14249.2 | 105,790.00 | 0 | 0 | 105,790.00 |
| 15 | दर्ता तथा नवीकरणा दस्तुर - 14253 | 39,100.00 | 0 | 0 | 39,100.00 |
| 16 | व्यवसाय कर - 14611 | 26,700.00 | 0 | 0 | 26,700.00 |
| 17 | कार्यालयको मेसिनरी सामान भाडा - 3.3 | 19,750.00 | 0 | 0 | 19,750.00 |
| 18 | ऋणा तथा सापटी - 7.1 | 200 | 0 | 0 | 200 |
| जम्मा | | 1,734,070.00 | 0 | 0 | 1,734,070.00 |

❖ नगर सरसफाई तथा सवारी साधन पाकीङ्ग शुल्क ठेक्का लागेको,

❖ सिटी सफारी दर्ता प्रक्रिया अगाडि बढाइएको,
❖ व्यवसाय कर कार्यविधि २०७७, लागु भएको,
❖ घर वहाल कर कार्यविधि २०७७७ लागु भएको,

**महिला, बालबालिका तथा समाज कल्याण उपशाखा**

❖ महिला हिंसा विरुद्ध सोह्र दिने अभियान,
❖ अन्तराष्ट्रिय अपाङ्गता दिवस एड्स विरुद्धको दिवस कार्यकम,
❖ महिला संजाल भवन जाने बाटो तथा कम्पाण्ड निर्माण कार्य,
❖ जेष्ठ नागरिक (९० वर्ष माथिका) सम्मान कार्यक्रम,

**सूचना प्रविधि शाखा**

❖ सूचना प्रशारण र प्रकाशन सम्बन्धि कार्य भएको,
❖ योजना तथा कार्यक्रम सम्बन्धिका कामहरु कम्युटर प्रणालीमा गएको,
❖ कार्यालयका सम्पुर्ण प्र्विधिका कामहरु भएको,
❖ नगरपालिकाको वेभसाईट निरन्तर अपडेट भएको,
❖ स्थानीय सेवाको व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको उपयोग, प्रबर्द्धन र नियमन भएको

**जिन्सी शाखा**

❖ कार्यलय प्रयोजनका लागि दैनिक रुपमा आवश्यक पर्ने सामाग्रिहरुको व्यवस्थापन भएको,
❖ कार्यालय, शाखाहरु र वडा कार्यालयहरुमा भएका सवारी साधनको मर्मत संभार कार्य,
❖ आन्तरिक समिति तथा उपसमितिमा रहेर बैठक सञ्चालन कार्य भएको, विभिन्न तालुक निकाय, विभिाग, तथा मन्त्रालयहरु बाट माग भई आएको विवरण पठाइएको,
❖ सार्वजनिक सम्पती व्यवस्थापन प्रणालीमा गत विगत देखिको सम्पुर्ण खर्च भएर नजाने सामाग्रिको शुरुवाती मौज्दातको विवरण अद्यावधिक गरेको ।

**कृषि विकास शाखा**

❖ कृषकलाई हिउँदे तरकारी मिनीसोकिट १७०० पोका वितरण,
❖ च्याउको विउ १८०० पोका वितरण,
❖ उखु पकेट क्षेत्रमा उखु पेल्ने मेसिन वितरण २ थान,
❖ कृषि सम्बन्धी वडा स्तरीय १ दिने तालिम गोष्ठि सम्पन्न,
❖ मकैको मुल विउ, उन्नत मकैको विउ , मौरिको घार वितरण, भकोरो सुधार कार्यक्रमको लगि सूचना प्रकाशन भएको,

**पशु सेवा शाखा**

- मेडिकल उपचार सेवा ११५५
- माइनर सर्जिकल उपचार सेवा ४७५
- गाझोकोलोजिक उपचार सेवा ३४
- कृतिम गर्भधान सेवा ३०
- समुह गठन (गाई, बाखा, बंगुर) ५
- स्थानीय कृषक, समुह, सहकारी, फर्मलाई घाँसको विउ १५३६ के.जि. वितरण

चैनपुर नगरपालिकाको नगर कार्यपालिकाको कार्यालय चैनपुर, संखुवासभा १ नं. प्रदेश, नेपाल स्था: २०७३

**स्वास्थ्य शाखा**

- महिला स्वास्थ्य स्यं सेविकाहरु मार्फत भिटामिन ए तथा जुकाको औषधी वितरण,
- स्वास्थ्य कर्मी तथा महिला स्वास्थ्य स्वयं सेविका मार्फत पोषणको लेखा जोखा कार्यक्रम अन्तर्गत ० देखी ५९ महिना सम्मको बच्चाको पाखुरा नाप कार्यक्रम संचालन,
- महिला स्वयं सेविका दिवश कार्यक्रम,
- प्रदेश सरकार, करुणा फाउण्डेशन र चैनपुर नगरपालिकाको संयुक्त लगानीमा सञ्चालन भएको अपांगता पुर्नस्थापना कार्यक्रम अन्तरगत ८ जना CBR स्वास्थ्य कर्मी नियुक्ती,
- स्वास्थ्य संस्थाहरुको लागि २४ घण्टे अ.न.मी.को लागि परिक्षा संचालन गरी नियुक्ती,
- औषधी खरिदको लागि टेण्डर प्रक्रिया अगाडि बढाएको,
- स्वास्थ्य संस्थाको लागि आवश्यक सर्जिकल सामाग्रि खरिद,
- स्वास्थ्य संस्थाबाट सञ्चालन हुने अन्य कार्यक्रमहरु निरन्तर संचालनमा रहेको ।

**सामाजिक सुरक्षा कार्यक्रम अर्न्तगत :**

क) पहिलो चौमासिक निकाशा : २,४४,१५,००१

ख) पहिलो चौमासिक वितरण : २,३८,९०,८१४।

ग) पहिलो चौमासिकको बाकी रकम फिर्ता रकम रु ५,२४,१८७।

घ. अपाङ्गता भएका व्यक्तिहरुलाई परिचय पत्र वितरण कार्यक्रम

- हाल सम्म ११९ जनालाई अपाङ्गता कार्ड वितरण
- पुर्ण अपाङ्गता (रातो कार्ड "क" वर्ग वितरण) : २९
- अति अशक्त अपाङ्गता (निलो कार्ड "ख" वर्ग वितरण) : ५६

❖ मध्यम (पहेलो र सेतो कार्ड) "ग" र "घ" -वर्ग वितरण) : ३४

चैनपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चैनपुर, संखुवासभा
१ नं. प्रदेश, नेपाल
स्था: २०७३

ङ सामाजिक सुरक्षा लाभग्राहीको विवरण अपडेट :

- ❖ २१२५ जनाको ना.प्र.नं. ,बाबुको नाम, आमाको नाम विधवाको हकमा मृत्यु दर्ता र हाल लाभग्राहीहरुको फोटो अपडेट गर्ने कार्य भईरहेको हाल दोस्रो चौमासिक अवधिको निकाशा गर्ने तयारीमा रहेको )
- ❖ अपाङ्गता रोकथाम तथा पुनर्स्थापना कार्यक्रम अर्न्तगतका केही कार्यक्रमहरु हाल दोस्रो चौमासिकमा संचालन भइरहेका ।

च. पुर्ननिर्माणको प्रगती विवरण :

- ❖ कुल लाभग्राही संख्या: १९३
- ❖ पुननिर्माण लाभग्राही संख्या: १५३
- ❖ आशिक लाभग्राही संख्या: ४०

- ❖ पहिलो किस्ता वितरण : १९३
- ❖ दोस्रो किस्ता वितरण : १२९
- ❖ तेस्रो किस्ता वितरण : १२०
- ❖ घर नवनाएको संख्या ३० ।
- ❖ आंशिक लाभग्राहीले पुर्ननिर्माणमा निवेदन दिएका जम्मा १४ जना ।

छ भुकम्पका गुनासो सम्बोधनका लागि पुनरावेदन दर्ता गरिएको : जम्मा २४ जना

ज. राष्ट्रिय परिचय पत्र तथा पञ्जिकरण विभागको बजेटमा २७३७८ वटा पुराना व्यक्तिगत घटना अनलाइन इन्ट्रि डिजिटाइजेसन कार्य सम्पन्न भएको,

झ. नगरस्तरिय तथा वडा स्तरिय गुनासो व्यवस्थापन समिति गठन भएको,

य. अपाङ्गता रोकथाम तथा पुनर्स्थापना कार्यक्रम तर्फ कार्यक्रमहरु भइरहेका,

## शिक्षा शाखा

- शिक्षा शाखाको वार्षिक कार्ययोजना तयार गरि सो अनुसार कार्यक्रम अगाडि बढाइयो ।
- दुई ओटा प्रधानाध्यापक बैठक गरि कोभिड १९ को संक्रमणकालिन समयमा शैक्षिक गतिविधि अगाडि बढाउने सम्बन्धमा विभिन्न निर्णय गरि लागु गरियो ।
- नगर शिक्षा समितिको ३ वटा बैठक सम्पन्न गरि समितिको निर्णय कार्यान्वयनमा लगियो ।
- कोभिड-१९ संक्रमणको समयमा पनि विभिन्न विकल्पहरु सहित शैक्षिक गतिविधिलाई निरन्तरता दिने कार्य गरियो ।
- राष्ट्रिय किताब खाना(शिक्षक) बाट आ.व. २०७६ को शिक्षकहरुको तलवि प्रतिवेदन पारित गराउने कार्य सम्पन्न गरियो ।
- चैनपुर नगरपालिका भित्रका सम्पूर्ण विद्यालयहरुमा कार्यारत शिक्षक कर्मचारीहरुको एकिकृत अभिलेख तयार गर्ने कार्य सम्पन्न गरियो ।
- चैनपुर नगरपालिका भरिका  ५९ वटा सार्वजनिक विद्यालयका बाल कक्षा देखि कक्षा ५ सम्म अध्ययनरत विद्यार्थीहरुलाई नगरपालिकाबाट उपलब्ध गराइएको न्यानो स्वीटर विद्यालयमा नै गएर वितरण गर्ने र विद्यालयहरुको अनुगमन गर्ने समेतको कार्य सम्पन्न गरियो ।
- नगरपालिका भित्रका विद्यालयहरुको १४ जना पुलमा रहेका दरबन्दी मिलानको कार्य अन्तिम चरणमा पुगेको छ ।
- चैनपुर नगरपालिकाले प्रकाशित गरेको कोभिड १९ को संक्रमणकालिन अवस्थामा विद्यार्थीले घरमै बसेर सिक्न सक्ने वैकल्पिक पाठ्यपुस्तक वितरण गर्ने कार्य सम्पन्न भएको छ ।
- चैनपुर नगरपालिकाबाट आ.व. २०७७/७८ का लागि  कक्षा ६ देखि १२ सम्मका छात्राहरुलाई  सेनिटरी प्याड वितरण गर्ने कार्य सम्पन्न भएको छ ।
- विद्यालयहरुको पहिलो चौमासिक वापतको रकम शसर्त तर्फको र नगर अनुदान तर्फको दुवै तर्फको रकम निकासा गर्ने कार्य सम्पन्न भएको छ ।
- चैनपुर नगरपालिका भित्रका सम्पूर्ण विद्यालयहरुका विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरुसँग अन्तरक्रिया एवं १ दिने अभिमुखिकरण तालिम(व्यवस्थापन, कानुनि व्इवस्था र विद्यालयमा रहेका कार्यक्रम कार्यानवयन सम्बन्धमा) सम्पन्न भएको छ ।
- शिक्षा विभागबाट माग भई आएको प्राविधिक स्केल हिसाब गर्ने प्रयोजनका लागि आवश्यक तथ्याङक इकाइ मार्फत शिक्षा तथा मानवस्रोत विकास केन्द्रमा पठाउने कार्य सम्पन्न भएको छ ।
- विद्यालयहरुमा हुने निकासाहरु बालविकास अनुदान, कक्षा १ अनुदान, बुक कर्नर, शिक्षणसिकाइ सामग्री व्यवस्थापन अनुदान १-५, ६-८, ९-१०, ११-१२ प्राविधिक धार अनुदान १-१२, छात्रवृति(छात्रा, दलित, सिमान्तकृत, अपाङ्ग, आवाशिय), व्यवस्थापन अनुदान, विद्यालय सुधार योजना, सामाजिक लेखापरिक्षण, इन्टरनेट अनुदान, प्राविधिक विद्यालय ल्याव अनुदान, बहुकक्षा बहुस्तर सिकाइ अनुदान र स्रोतकक्षा अनुदान लगायत सम्पूर्ण

नगर कार्यपालिकाको कार्यालय चैनपुर नगरपालिका चैनपुर, संखुवासभा प्रदेश, नेपाल स्था: २०७३

विविध खर्च अन्तर्गतका अनुदान निकासा रकम रु ७२१५८२० बहत्तर लाख पन्ध्र हजार आठ सय विस निकासा गरियो ।

- २०७५ साल देखि रोकिएका विदालयको शिक्षकहरुको विदा प्रमाणित गर्ने कार्य निरन्तर भइरहेको छ ।
- २०७५ सालको स्थायी शिक्षकहरुको कार्यसम्पादन मूल्याङ्कन गर्ने कार्य सम्पन्न भएको छ भने २०७६ सालको कार्यसम्पादन मूल्याङ्कनको कार्य करिव सम्पन्न भएको छ ।
- रिक्त दरबन्दिमा करार शिक्षकहरुको नियुक्ति गर्ने कार्य नगरपालिकामार्फत नै अगाडि बढाइएको छ ।
- यस न.पा. अन्तर्गत भएके शसर्ततर्फको चौमासिक प्रगति प्रतिवेदन शिक्षा तथा मानव स्रोत विकास केन्द्रमा पठाउने कार्य सम्पन्न गरिएको छ ।
- आ.ब. २०७५/७६ र २०७६/७७ सालका लागि विद्यालयहरुको लेखापरीक्षण गर्नका लागि लेखा परिक्षको आवेदन संकलन गर्ने कार्य सम्पन्न भएको छ ।
- चैनपुर नगरपालिकामा कार्यरत सम्पूर्ण शिक्षक कर्मचारी एवं निजि स्रोतमा कार्यारत शिक्षकहरुको समेत कोरोना विमा गर्नको लागि तथ्याङ्क उपलब्ध गराएर राष्ट्रिय विमा कम्पनि मार्फत विमा गराइएको छ ।
- कोरोना खोपका लागि शिक्षकहरुको अभिलेख तयार गरि शिक्षा तथा मानव स्रोत विकास केन्द्रमा मेल पठाउने कार्य भएको छ ।
- लामो समयदेखि विद्यालयहरुले सम्पन्न नगरेको IEMIS (Integrated Education Management Information System) अध्यावधिक गर्ने कार्य अनिवार्य गराई एकिकृत तथ्याङ्कका आधारमा विद्यालयहरुको सेवा सुविधा उपलब्ध गराउने कार्यको थालनि भएको छ ।
- वि.व्य.स./शि.अ.सं. को पदाधिकारिहरुको गठन मिति सहितको नाम संकलन गर्ने कार्य सम्पन्न भएको छ ।
- वि.व्य.स. र शि.अ.सं.को म्याद समाप्त भएर पनि पुनर्गठन नभएका विद्यालयहरुलाई पत्र पठाएको मितिले ७ दिन भित्र पुनर्गठन गरि विवरण पेश गर्न पत्राचार गर्ने कार्य सम्पन्न भएको छ ।
- विद्यालयहरुबाट त्रुटि भए आएका कक्षा ८ को मार्कसिट सच्याउने कार्य निरन्तर गरिएको छ ।
- विद्यालयहरु एवं अन्य सरोकारवाला संघसंस्थाहरुले माग गरेका आवश्यक सिफारिसहरु कानून बमोजिम उपलब्ध गराउने कार्य निरन्तर भइरहेको छ ।
- चैनपुर नगरपालिका भित्रका ५ वटा सामुदायिक सिकाई केन्द्रहरुका परिचालक र अध्यक्षहरु सहित बैठक बसि सामुदायिक सिकाई केन्द्रहरुलाई सक्रिय बनाउने सम्बन्धमा विभिन्न निर्णयहरु कार्यान्वयनमा रहेका छन् ।
- शिक्षा विकास तथा समन्वय इकाइको आयोजनामा शिक्षा हेर्ने जनप्रतिनिधी सहित शिक्षा अधिकृतहरुको ३ दिने कार्यक्रम कार्यान्वयन सम्बन्धमा कार्यशालामा सहभागि भएको ।